# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །སོང་རོང་ཏོ་མའི་མཚོའི་གྲོང་ཁྱེར་ཁྲིམས་ལྷན་ཁང་།

सल्लेरी, सोलुखुम्बु

प्रदेश नं. १ नेपाल


प.सं. २०७५/७६

च.नं.

२०७५-१०-२९

## बिषय : निर्णय सार्वजनिकीकरण गरिएको ।

**मिति २०७५ माघ २९ गते बसेको कार्यापालिकाको बैठकबाट निम्न निर्णयहरु भएको व्यहोरा नगरबासीहरुको जानकारीको लागि सार्वजनिकिकरण गरिएको छ ।**

**प्रस्ताव तथा निर्णयहरु**

१. प्रस्ताव :- नागरिक वडापत्र स्वीकृत गर्ने ।
**निर्णय :-पेश भए बमोजिमको नागरिक वडापत्रमा वडा पत्र स्वीकृत गरी लागु गर्ने ।**

२. प्रस्ताव :- नक्सा पास पुस्तिका स्वीकृत गर्ने ।
**निर्णय :-पेश भए बमोजिमको नक्सा पास पुस्तिका स्वीकृत गरी मिति २०७५ फाल्गुन १ गते देखि लागु गर्ने ।**

३. प्रस्ताव :- सिंहकाली मा.वि. तिङलाको राहत शिक्षकको तलब स्वीकृत गर्ने।
**निर्णय :-पेश भए बमोजिमको विद्यालयमा २ पटक विज्ञापन गर्दा पनि अध्यापन अनुमति प्राप्त विज्ञान शिक्षकबाट दर्खास्त पर्न नआएको सन्दर्भमा विद्यालयबाट वार्षिक परीक्षाको समयावधिलाई समेत दृष्टि गरी विज्ञानमा स्नातक गरेको शिक्षकलाई अध्यापन सम्बन्धी कामकाज गर्न लगाएकोमा हाजिर प्रमाणित र विद्यालयले पेश गरेको माग फारामको आधारमा सम्बन्धित शिक्षकलाई पारिश्रमिक उपलब्ध गराउन नपा कार्यालयलाई निर्देशन दिने ।**

४. प्रस्ताव :- सार्वजनिक सुनुवाई गर्ने सम्वन्धमा ।
**निर्णय :-पेश भए बमोजिमकोसार्वजनीक सुनुवाई सवै वडामा आगामी चैत्र २० भित्र सम्पन्न गर्ने साथै नगरस्तरीय सार्वजनीक सुनुवाई चैत्र २५ मा गर्ने ।**

५. प्रस्ताव :- कक्षा ८ को परीक्षा अनुगमन सम्बन्धी ।
**निर्णय :-शैक्षिक सत्र २०७५ को वार्षिक परीक्षा मिति २०७५ चैत्र १२ गतेबाट गर्ने निर्णय भए बमोजिमको परिक्षा अनुगमन कार्य सघन रुपमा गर्न वडा शिक्षा समिति लाई निर्देशन दिने साथै नगर कार्यपालिका सदस्यहरुले पनि आ-आफ्ना वडाहरुमा अनुगमन कार्य गर्ने ।**

६. प्रस्ताव :- कृषि योग्य जग्गाको खण्डिकरण सम्वन्धी।
**निर्णय :-कृषि योग्य जग्गाको खण्डीकरण सम्बन्धमा भुमि व्यवस्था , सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं. ११७८, मिति २०७५/०९/०७ को पत्रबाट प्राप्त निर्देशनको वुँदा नं ५ बमोजिमको समिति गठन गर्ने र उक्त समितिमा नपामा कृषि शाखा स्थापना नहुन्जेल प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा प्रदेश, कृषि ज्ञान केन्द्र, वन डिभिजन, सहरी विकास**

**डिभिजन कार्यालय र नापी तथा मालपोत कार्यालयका कार्यालय प्रमुखहरु सदस्य र नपाको सहरी विकास शाखा प्रमुख सदस्य सचिव रहने प्राविधिक समिति गठन गर्ने।**

७. प्रस्ताव :- न.पा. बाट सञ्चालित विद्युतीकरण कार्यक्रमको लागत अनुमान, मूल्याङकन लगायतका कार्यका लागि प्राविधिक कर्मचारी सेवा करारमा लिने।

**निर्णय :-नगरपालिकाबाट निर्माण तथा संचालन गरिने विद्युतीकरण कार्यको ड्रइङ, डिजाइन, लागत अनुमान र मुल्यांकन कार्य गर्ने , प्राविधिक कर्मचारी कार्यालयमा नभएकोले सो काम योग्यता प्राप्त व्यक्तिबाट सेवा करारमा लिन उपयुक्त देखिएकोले विद्युतीकरण सम्बन्धी योजनाको कन्टेन्जेन्सीका लागि छुट्टाइएको ५ प्रतिशत मध्ये अन्तिम विल भुक्तानी वा फरफारक गर्दा २ प्रतिशतले हुने रकम सम्बन्धित सेवा करारमा लिएको व्यक्तिलाई उपलब्ध गराउन नपा कार्यालयलाई निर्देशन दिने।**

८. प्रस्ताव :- वडा नं. ४ को बोल्दोक मुनिबाट लुरा सडक ट्रयाक ओपन कार्यका लागि वडा बाट रु.४६००००/- बिनियोजन भएको , नगरपालिकाको समपूरक कोषबाट रु.४६००००/- थप गर्ने।

**निर्णय :-पेश भए बमोजिमको रकम सम्पुरक कोषबाट उपलब्ध गराउने गरी सम्झौता गर्न नपा कार्यालयलाई निर्देशन दिने।**

९. प्रस्ताव :- भित्ताखार्क मेरांगडिंग सिसाखोला सडक रु.५० लाख बाट वडा नं. ७ को भित्ताखार्क – वडा नं. ८ को सिमाना मेरांगडिंग सम्म रु.३२ लाख र बाँकि सडकका लागि रु. १८ लाख को सम्झौता अनुमोदन गर्ने।

**निर्णय :-पेश भए बमोजिमको कार्य गर्न नपा कार्यालयलाई निर्देशन दिने।**

१०. प्रस्ताव :- छिनाक्पू रातनांगे सडक स्तरोन्नति २ खण्डमा उपभोक्ता समितिमार्फत गर्ने।

**निर्णय :-पेश भए बमोजिमकोसडकमा एउटै उपभोक्ता समिति गठन हुन नसकी २ वटा उपभोक्ता समिति गठन गरी काम गर्न वडा कार्यालयबाट सिफारिस भई आएकोले सोही बमोजिम कार्य गर्न नपा कार्यालयलाई निर्देशन दिने।**

११. प्रस्ताव :- वडा नं. २ फेरामा गाउँघर क्लिनिक संचालन शिर्षकमा भएको बजेटबाट नेपाल मेड गाउँ घर क्लिनिक मार्फत संचालन भएकाले उक्त गाउँघर क्लिनिकको प्राविधिक इस्टिमेट बमोजिम ग्याबिन प्रोटेक्सन वाल निर्माण गर्ने।

**निर्णय :-नगर सभामा पेश नभएको कारण संसोधन गर्न नसकिने।**

१२.प्रस्ताव :- सोलुदुधकुण्ड नगरपालिकाअपाङ्गताभएकाव्यक्तिकोपरिचय-पत्रवितरणकार्यविधि, २०७५

# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །སོ་ལུ་དུ་ཀུན་[illegible]

सल्लेरी, सोलुखुम्बु

प्रदेश नं. १ नेपाल

प.सं. २०७५/७६

च.नं.


२०७५-१०-२९

**निर्णय :-पेश भए बमोजिमको कार्यविधि स्वीकृत गर्ने ।**

**१३.विविध**

**क)** प्रस्ताव :- महामहिम राष्ट्रपति श्री विद्यादेवी भण्डारीज्यूलाई नागरिक अभिनन्दन गर्ने ।

**निर्णय :- सल्लेरी बहुमुखी क्याम्पसको रजत जयन्तीका अवसरमा महामहिम राष्ट्रपति श्री विद्यादेवी भण्डारीको आगमन हुने भएकोले नगरबासीको तर्फबाट नगरपालिका प्रमुखले राष्ट्रपति ज्यूलाई नागरिक अभिनन्दन गर्ने ।**

**ख)**प्रस्ताव :- नगरपालिका भित्र गरिने गरिबी निवारण कोषबाट संचालित कार्यक्रमको नियमन तथा अनुगमन गर्ने ।

**निर्णय :- साविकमा गरिवी निवारण कोष नेपालबाट संचालित कार्यक्रमहरु स्थानीय तहलाई हस्तान्तरण भई सकेको र कोषमा रहेको पुँजी सम्बन्धीत स्थानीय सहकारीमा हस्तान्तरण भई सकेको सन्दर्भमा कार्यक्रम तथा सहकारीमा रहेको कोषको परिचालन र वर्तमान अवस्था बारेमा अध्ययन गरी पेश गर्न देहाय बमोजिमको नियमन तथा अनुगमन समिति गठन गर्ने ।**

| | | |
|---|---|---|
| १) | नगर कार्यपालिका सदस्य श्री आङ फुला शेर्पा | - संयोजक |
| २) | वडा नं २ वडा अध्यक्ष श्री मिङमार दोर्जी शेर्पा | - सदस्य |
| ३) | वडा नं ५ वडा अध्यक्ष श्री मिङमार तामाङ | - सदस्य |
| ४) | सहकारी हेर्ने शाखा प्रमुख श्री सूर्य त्रिपाठी | -सचिव |

यस बमोजिमको समितिले आफ्नो प्रतिवेदन काम सुरु गरेको मितिले १ महिना भित्र बुझाईसक्नु पर्ने ।

**ग)**प्रस्ताव :- स्थानीय पाठ्यक्रम निर्माण समितिको कार्य प्रगति समिक्षा गर्ने ।

**निर्णय :-स्थानीय पाठ्यक्रम निर्माण समितिको कार्य प्रगति समिक्षा गरियो र तोकेको समयमा कार्य सम्पन्न गर्न समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।**

**घ)** प्रस्ताव :- शिशा तथा प्लाष्टिकको झोलाको प्रतिवन्ध प्रभावकारी भए नभएको समिक्षा गर्ने ।

**निर्णय :- शिशा तथा प्लाष्टिकको झोलालाई मिति २०७५ पौष १७ गते (तद् अनुसार १ जनवरी २०१९) बाट कार्यपालिकाको निर्णय बमोजिम प्रतिवन्ध गर्ने निर्णय भए अनुसार कार्य भइरहेको भएपनि प्रभावकारी हुन नसकेको समिक्षा गरियो र यस सम्बन्धमा टोल विकास संस्था तथा वडा कार्यालयले सो सम्बन्धी कार्यलाई तदारुकता साथ अगाडी बढाउने र नपाले आवश्यक सहयोग गर्ने निर्णय गरियो ।**

**ङ)** प्रस्ताव :- न्यायीक समिति वाट भएको कार्यको समिक्षा गर्ने ।

# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །སོ་ལོ་ཁུམ་བུ་ཡུལ་ཚོགས་ ...

**सल्लेरी, सोलुखुम्बु**

**प्रदेश नं. १ नेपाल**

प.सं. २०७५/७६
च.नं.

२०७५-१०-२९

**निर्णय :- न्यायीक समिति बाट भए गरेका कार्यहरुको बारेमा प्रतिवेदन तयार गरी आगामी सभामा निर्णय गर्नु पुर्व कार्यपालिकाको वैठकमा पेश गर्ने ।**

**च)** प्रस्ताव :- लघु उद्यम विकास कार्यक्रम संचालन गर्न वडा छनौट गर्ने ।

**निर्णय :- लघु उद्यम विकास कार्यक्रम संचालन गर्न यस नगरपालिकाको वडा नं ७ छनौट गर्ने ।**

**छ)** प्रस्ताव :- नगरपालिका अन्तर्गत संचालन गर्ने योजना तथा कार्यक्रमको म्याद थप गर्ने ।

**निर्णय :- नगरपालिका अन्तर्गत संचालन गरिने योजना तथा कार्यक्रम गर्न मिति २०७५ माघ मसान्त सम्म म्याद तोकिएकोमा प्रदेश तथा संघिय सरकार बाट स्थानीय पूर्वाधार विकास कार्यक्रमको काम बाँकी रहेकोले मिति २०७५ फाल्गुन मसान्त सम्मको लागि मात्र म्याद थप गर्ने ।**

**ज)** प्रस्ताव :-मेयर कप आयोजना गर्ने ।

**निर्णय :- २०७६ साल वैशाखको दोस्रो हप्ता मेयर कप संचालन गर्न देहाय बमोजिमको समिति गठन गर्ने ।**

| | | |
|---|---|---|
| १) | श्री दावा गेलु पाख्रीन | - संयोजक |
| २) | श्री मिङमार दोर्जी शेर्पा | - सदस्य |
| ३) | श्री मिङमार तामाङ | - सदस्य |
| ४) | श्री विनोद कालिकोटे | - सदस्य |
| ५) | श्री सरिता राई | - सदस्य |
| ६) | श्री आङ फुर्वा शेर्पा | - सदस्य |
| ७) | श्री सन्तोष आचार्य | - सदस्य सचिव |

**झ)** प्रस्ताव :- दोर्पु - नयाँ बजार विद्युत तार अन्डर ग्राउण्ड गर्ने ।

**निर्णय :- दोर्पु - नयाँ बजार विद्युत तार अन्डर ग्राउण्ड गर्ने कार्यका लागि प्राविधिक लगत अनुमान रु १८,४८,१३४।९६ भएकोमा वडा नं ६ बाट ९ लाख विनियोजन भएकोमा बाँकी नपुग रकमको ५० प्रतिशत नगरपालिकाको समपुरक कोषबाट व्ययभार हुने गरी सम्झौता गर्ने ।**

**ञ)** प्रस्ताव :- अपाङ्ग सम्बन्धी खेलकुदलाई सहयोग गर्ने ।

**निर्णय :- पर्यटन रोयल्टीको रकम प्राप्त भए पछि रु ३ लाख नगरपालिकाले उपलब्ध गराउने ।**

**ट)** प्रस्ताव :- सोलुदुधकुण्ड युथ क्लब र फ्रेण्ड सिप युथ क्लबलाई सहयोग गर्ने ।

Ph. No- 038-520264 Fax No- 038-520248 Website- www.solududhkundamun.gov.np Email- solududhkundamun@gmail.com

# सोलुदुधकुण्ड नगरपालिका

ཨོཾ། །སོ་ལུ་དུད་ཁུན་ཌ་…

सल्लेरी, सोलुखुम्बु

प्रदेश नं. १ नेपाल


प.सं. २०७५/७६

च.नं.

२०७५-१०-२९

**निर्णय :- पर्यटन रोयल्टीको रकम प्राप्त भए पछि क्रमश : रु ६ लाख र ३ लाख नगरपालिकाले उपलब्ध गराउने ।**

ठ) प्रस्ताव :- नगरपालिकाको प्रशासकीय भवन तथा वसपार्कको लागि आवश्यक पर्ने जग्गा नि:शुल्क उपलब्ध गराउने ।

**निर्णय :- नगरपालिकाको प्रशासकीय भवन तथा वसपार्कको लागि आवश्यक पर्ने जग्गा नि:शुल्क उपलब्ध गराउन पेश हुन आएको सार्वजनिक सूचना मार्फत आव्हान गर्ने ।**

ड) प्रस्ताव :- भुकम्पबाट पिडित लाभग्राहीलाई किस्ता भुक्तानीका लागि सिफारीस गर्ने ।

**निर्णय :- भुकम्पबाट पिडित लाभग्राहीले घर निर्माण गरेको अवस्थामा लाभग्राहीलाई दिइने प्रथम, दोस्रो र तेस्रो किस्ता रकम अनुदान भुकम्प पुन: निर्माण प्राधिकरणको नियमानुसार उपलब्ध गराउनु हुन सिफारीस गर्ने ।**

**साथै मिति २०७५ पौष २३ गते भएको कार्यापालिकको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे समिक्षा समेत गरियो ।**

............................................

**शारदा माया तामाङ**

**प्रवक्ता**

शारदा माया तामाङ
प्रवक्ता